जुन १०, २०२६

# जुन १७ र १८ तारिखमा कर्मचारी सम्मान कार्यक्रमहरू

*UW–Madison* ले संकाय, कर्मचारी र *post-doc* हरू सहित सबै कर्मचारीहरूलाई बुधबार, जुन १७ तारिखमा दिउँसो र बिहीबार, जुन १८ तारिखमा राति कर्मचारी सम्मान कार्यक्रमहरूमा आमन्त्रित गर्दछ। *UW–Madison* का कर्मचारीहरूले आफ्नो काममा गर्नुहुने परिश्रम र समर्पण प्रतिको धन्यवाद ज्ञापन स्वरूप यी कार्यक्रमहरू आयोजना गरिएको हो।

जुन १७ तारिखको दिउँसो १ बजेदेखि २:३० बजेसम्म आइसक्रिम कार्यक्रम हुनेछ, जहाँ विश्वप्रसिद्ध *Babcock* आइसक्रिम बाँडिनेछ। जुन १८ तारिखको राति ११ बजेदेखि १२:३० बजेसम्म, दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूका लागि रातिको कार्यक्रम हुनेछ जहाँ वार्षिक कर्मचारी सम्मान कार्यक्रम (जुन पहिले छुट्टाछुट्टै आयोजना गरिएको थियो) सँग आइसक्रिम कार्यक्रमलाई जोड्नेछ। यो रातिको कार्यक्रममा बफे खाना, आइसक्रिम र क्याम्पस नेतृत्वबाट टिप्पणीहरू समावेश हुनेछन्।

दुवै कार्यक्रममा प्रायजसो आइसक्रिम कपहरूमा प्रदान गरिनेछ। ल्याक्टोस बिनाको आइसक्रिम, कुल्फी र चिनी बिनाको कुल्फीहरू पनि उपलब्ध गराइनेछ। यी दुई कार्यक्रमका थप विवरण तल दिइएको छ।

## जुन १७ तारिखमा दिउँसोको आइसक्रिम कार्यक्रम

यस कार्यक्रम *Bascom Hill* मा दिउँसो १ बजेदेखि २:३० बजेसम्म वा आइसक्रिम नसकुञ्जेलसम्म आयोजना हुनेछ। आइसक्रिम *Bascom Hill* को दुईवटा क्षेत्रमा निम्न पहुँचयोग्य जानकारी साथ वितरण गरिनेछ:

- **मैदान क्षेत्र**: *North Hall* र *South Hall* को बिचको पक्का बाटोको छेउमा। ध्यान दिनुहोस् कि भौगोलिक बनावटका कारण त्यहाँ ठाडो सतहका ढलानहरू छन्।
- **फुटपाथ क्षेत्र:** *Observatory* र *Bascom* बस स्टपको छेउमा। समथर सतहको ढलान उपलब्ध छ।

यदि पानी वा खराब मौसमले बाहिर भेला हुन नदिएमा, हामी *Birge Hall* भित्र भेला हुनेछौं। आवश्यक भएमा, हामी जुन १६ तारिखमा कुनै ठाउँ बदलिएको बारेमा खबर गर्नेछौं।

- **खराब मौसमको अवस्थामा *Birge Hall* को पहुँचयोग्य मार्ग**: पूर्वी ढोकाबाट आउनुहोला, लिफ्टमा देखाइएको सङ्केतहरूको पालना गर्नुहोला, पहिलो तल्लामा जानुहोला र लबीमा रहेका सङ्केतहरूको पालना गर्नुहोला।

यातायात र पार्किङ्ग

- कर्मचारीहरू *Bascom Hill* र *Birge Hall* सम्म हिँडेर, साइकल चलाएर, गाडि चलाएर वा म्याडिसन मेट्रो बसको ८० नम्बरको बस चढेर आउन सक्नेछन्।
- यो पहुँचयोग्य पार्किङ्ग नक्साले कार्यक्रम पार्किङ्गको जानकारी प्रदान गर्दछ।
- जानकारीको लागि पहुँचयोग्य यातायात विकल्प वेबसाईट हेर्नुहोला।

थप जानकारीको लागि वा उपयुक्त व्यवस्थापन अनुरोध गर्नको लागि, कृपया Audrey Cramer लाई audrey.cramer@wisc.edu मार्फत सम्पर्क गर्नुहोला। उपयुक्त व्यवस्थापन अनुरोधहरू जुन १० तारिख सम्ममा बुझाइ सक्नुपर्नेछ, तर ढिलो आउने व्यवस्थापन अनुरोधहरूलाई समर्थन गर्ने प्रयास गरिनेछ।

## जुन १८ तारिखमा रातिको आइसक्रिम कार्यक्रम र कर्मचारी सम्मान कार्यक्रम

यस कार्यक्रम *Union South* को *Varsity Hall* मा राति ११ बजेदेखि १२:३० बजेसम्म आयोजना हुनेछ। यस कार्यक्रमले वार्षिक कर्मचारी सम्मान कार्यक्रमलाई वार्षिक आइसक्रिम कार्यक्रमसँग जोड्नेछ। कर्मचारीहरूले बफे खाना र आइसक्रिम भोजन गर्न पाउनु हुनेछ। सम्भव भएमा कर्मचारीहरूलाई राति ११ बजे वा त्यसको आसपासमा आइपुग्न प्रोत्साहित गरिन्छ। अर्थ तथा प्रशासनका उपकुलपति Rob Cramer र प्रोभोस्ट John Zumbrunnen कर्मचारीहरूलाई आफ्नो सम्मान व्यक्त गर्न उपस्थित हुनुहुनेछ।

पार्किङ्ग जानकारी

- *Lot* 17 (*Engineering Drive Ramp*) मा राति १० बजेदेखि १:३० बजेसम्म निःशुल्क पार्किङ्ग उपलब्ध हुनेछ। कर्मचारीहरूले गेटबाट पस्दा टिकेट लिनु अनि निस्किँदा टिकेट स्क्यान गर्नुपर्नेछ।
- कार्यक्रमको बेला सहभागीहरूले *Lot* 13, 44, 54 र 56 मा पनि निःशुल्क पार्किङ्ग गर्न सक्नेछन्।
- क्याम्पसमा पार्किङ्ग तथा यातायात नक्सा अन्लाईन उपलब्ध छ।

थप जानकारीको लागि वा उपयुक्त व्यवस्थापन अनुरोध गर्नको लागि, कृपया Jessica Hamm लाई jessicahamm@wisc.edu मार्फत सम्पर्क गर्नुहोला। उपयुक्त व्यवस्थापन अनुरोधहरू जुन १० तारिख सम्ममा बुझाइ सक्नुपर्नेछ, तर ढिलो आउने व्यवस्थापन अनुरोधहरूलाई समर्थन गर्ने प्रयास गरिनेछ।

## उपस्थितिको मार्गनिर्देशन

दुबै कार्यक्रमहरूको लागि, हामी कार्य युनिट र सुपरभाईजरलाई तपाईंलाई आइसक्रिम कार्यक्रमहरूमा उपस्थित हुन अनुमति दिन लचिलोपन प्रदान गर्ने अपेक्षा राखेका छौं। कर्मचारीहरू कामको समयमा तलब पाउने गरि उपस्थित हुन सक्नेछन्। ती दिनहरूमा काम नहुने कर्मचारीहरू पनि यस कार्यक्रममा उपस्थित हुन सक्नेछन् तर वहाँहरूले सो अवधिमा तलब पाउनुहुने छैन। उपस्थित हुने योजना बनाउने कर्मचारीहरूले अगाडि नै आफ्नो सुपरभाईजरलाई बताउनुपर्नेछ।

क्याम्पस बाहिर विभाग हुने अगुवाहरूलाई आफ्नो कर्मचारीहरूको लागि आइसक्रिम कार्यक्रम वा अर्को कुनै कार्यक्रम आयोजना गर्न प्रोत्साहित गरिन्छ।